२००७

# नेपाली

## पहिलो पत्र

## (सामान्य भाषा विज्ञान र नेपाली भाषाको अध्ययन)

## प्रथमार्द्ध

## सामान्य भाषाविज्ञान

समय : दुई घण्टा — पूर्णाङ्क : ५०

१। वाक्यका मुख्य सङ्घटक एकाइहरू चिनाएर नेपालीवाट दृष्टान्त दिँदै वाच्यका आधारमा वाक्यका भेदबारे सविस्तार चर्चा गर्नुहोस्। २०

अथवा

अर्थको अवधारणा प्रस्ट पार्दै अर्थका विभिन्न भेदहरू सोदाहरण चिनाउनुहोस् ।

२। तलका कुनै दुईवटा विषयमा टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) भाषाको सहचारक्रमी र विन्यासक्रमी संरचना।

(ख) अर्धस्वर ध्वनि।

(ग) व्याकरणिक कोटिका रूपमा लिङ्ग।

(घ) रूपिम निर्धारण गर्ने आधारहरू ।



P.T.O

३।   तलका कुनै पाँचवटाबारे लगभग पाँच वाक्यदेखि सातवाक्य भित्र टिप्पणी लेख्नुहोस् :   ५×२=१०

(क) समान्तार वितरण ।

(ख) पिजिन ।

(ग) संरूप ।

(घ) नेपाली स्पर्शसङ्घर्षी व्यञ्जनहरू ।

(ङ) सन्ध्यक्षर ।

(च) व्यञ्जनगुच्छ ।

(छ) समस्रोत शब्द ।

(ज) आधारभूत शब्दावली ।

---

२००७

# नेपाली

## पहिलो पत्र

## (सामान्य भाषा विज्ञान र नेपाली भाषाको अध्ययन)

## द्वितीयार्द्ध

## नेपाली भाषाको अध्ययन

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। व्याकरणिक उपकोटिका रूपमा लिङ्गका अभिलक्षणहरू चिनाउँदै नेपाली भाषाको लिङ्ग व्यवस्थाबारे वैयाकरणहरू प्रस्तुत गरेका मत-मतान्तरहरूको सोदाहरण समीक्षा गर्नुहोस्। २०

अथवा

क्रियापदको रूपायक तत्त्वका रूपमा भावको परिचय दिएर नेपाली वाक्य विन्यासमा भावद्वारा रूपायित क्रियापदका स्थितिभेदमाथि सोदाहरण प्रकाश पार्नुहोस् ।

२। तलका कुनै दुईवटा विषयमा टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) नेपाली व्याकरणमा आदर ।

(ख) अभिलेखकालीन नेपाली भाषाका विशेषता ।

(ग) मानस्वरको सिद्धान्तअनुसार नेपाली स्वरध्वनिहरू ।

(घ) नेपाली तद्भव शब्दका ध्वनितात्त्विक विशेषता ।

३। तलका कुनै पाँचवटाबारे संक्षिप्त टिप्पणी लेख्नुहोस् । प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनुपर्छ । २×५=१०

(क) पूर्वकालिक क्रियापद ।

(ख) 'वेसरी' ।

(ग) काशीभाषे बोली ।

(घ) नेपाली कोटिकार ।

(ङ) 'नेपाली वाक्य व्याकरण' ।

(च) नेपाली नामधातु ।

(छ) स्पर्शसङ्घर्षी व्यञ्जन ।

(ज) नेपाली शब्दमा व्यञ्जनगुच्छ ।

(झ) अयोगवाह ।

(ञ) भाववाच्य ।

---

२००७

# नेपाली

## दोस्रो पत्र

## नेपाली साहित्यको इतिहास

## प्रथमार्द्ध

(साहित्येतिहासको अवधारणा, अध्ययन पद्धति र आधुनिककालपूर्वको नेपाली साहित्यको इतिहास)

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। साहित्येतिहासको अर्थ र परिभाषा केलाउँदै साहित्येतिहास र साहित्यालोचन माझको भेद-साम्य निरूपण गर्नुहोस् । २०

अथवा

माध्यमिककालीन नेपाली गद्याख्यानका स्रोत र ऐतिहासिक आधारहरूबारे विवेचना गरी यस कालका गद्य-साहित्यका विशेषताहरूको विवेचनात्मक चर्चा गर्नुहोस् ।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) जोसमनि सन्त साहित्य र ज्ञानदिल दास।

(ख) प्राथमिककालीन नेपाली साहित्य को सांस्कृतिक पृष्ठभूमि।

(ग) माध्यमिककालीन नेपाली लहरी काव्य ।

(घ) माध्यमिककालीन नेपाली अनुवाद साहित्य ।



P.T.O

३। कुनै पाँचवटाको टिप्पणी लेख्नुहोस् । प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : २×५=१०

(क) राधावल्लभको "साँढ्याको कवित्त" ।

(ख) 'गोरखापत्र' ।

(ग) 'वीरसिक्का' ।

(घ) हरिहर आ० दी० ।

(ङ) 'मनिपुरको लडाइँको सवाई' ।

(च) 'अटलवहादुर' ।

(छ) 'नेपाली उरवान्को पोस्तक्' ।

(ज) वहादुरसिंह वराल ।

(झ) गोर्खा नेशनल थियट्रिकल पार्टी ।

(ञ) 'हास्यकदम्व' ।

---

२००७

# नेपाली

## दोस्रो पत्र

## नेपाली साहित्यको इतिहास

## द्वितीयार्द्ध

## (आधुनिक नेपाली साहित्यको इतिहास)

समय : दुई घण्टा — पूर्णाङ्क : ५०

१। समकालीन नेपाली कविता साहित्यको स्वरूप स्पष्ट पारी यसका विकास प्रक्रियाका विविध चरणहरूको इतिहास प्रस्तुत गर्नुहोस्। २०

अथवा

राल्फाली आन्दोलनको वैचारिक धरातल केलाएर यसका उपलव्धिहरूवारे जानकारी गराउनुहोस् ।

२। कुनै दुईवटा विपयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) नेपाली कवितामा गजल लेखन परम्परा ।

(ख) आयामिक आन्दोलनको उपलव्धि ।

(ग) समालोचनाको समालोचना ।

(घ) प्रयोगवाद ।

३।  कुनै पाँचवटाको परिचयात्मक टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र लेखिनु आवश्यक छः  ५×२=१०

(क) 'चिहान नपाएका तक्माहरू' ।

(ख) 'बुट पालिस'।

(ग) 'केही नमिलेका रेखाहरू' ।

(घ) 'सङ्क्रमण-लेखन ।

(ङ) 'अभीष्टको खोज' ।

(च) 'आँगन परतिर' ।

(छ) अस्वीकृत जमात ।

(ज) पादरी गङ्गाप्रसाद का उपलब्ध रचनावली' ।

(झ) 'मखुण्डो लाएको मन' ।

(ञ) उत्तरआधुनिकता ।

---

२००७

# नेपाली

## तेस्रोपत्र

## (नेपाली कविता)

## प्रथमार्द्ध

## (प्रारम्भदेखि देवकोटासम्म)

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। नेपाली [illegible] भक्ति धाराको परिचय दिएर कृष्णाश्रयी नेपाली भक्तिकाव्यका [illegible] र दुर्वलपक्षहरू केलाएर देखाउनुहोस् र नेपाली कवितालाई ग[illegible] [illegible] गर्न कृष्णाश्रयी नेपाली भक्तिकाव्यको के-कस्तो भूमिका रहेको छ भन्ने ठानु हुन्छ सो पनि स्पष्ट पार्नुहोस् । २०

*अथवा,*

महाकवि लक्ष्मीप्रसाद देवकोटाको रोमाण्टिक सौन्दर्य चेत र मानवतावादी क्रान्तिकारी चेतका दृष्टिले "प्रमिथस" महाकाव्यको लेखाजोखा प्रस्तुत गर्नुहोस् ।

२। कुनै दुई विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : २×१०=२०

(क) कविता र कवित्व ।

(ख) "तरूण तपसी"-मा पाइने सामाजिक सन्दर्भहरू ।

(ग) "पिकदूत" खण्डकाव्यका विशेषताहरू ।

(घ) "सूक्तिसिन्धु (फेरि)" –भित्रका कवि सोमनाथ सिग्द्याल ।

३।  कुनै पाँच प्रश्नको उत्तर लेख्नुहोस् । प्रत्येक प्रश्नोत्तर पाँचदेखि सातवाक्य भित्र हुनु आवश्यक छ :  ५×२=१०

(क) कस्तो छन्दलाई कवित्व छन्द भनिन्छ ? कवित्व र झयाउरेमा के अन्तर छ ?

(ख) गजलमा 'मिसरा', 'रदीफ', 'तखल्लुस' र 'मकता' भन्नाले के बुझिन्छ ?

(ग) "न छिप्छ वास् कस्तुरिको कसै गरोस्,
न लुक्छ आगो कहिँ नै लगी धरोस् ।
प्रिये ! छ यस्तै बुझ प्रेमको गति,
छिपाउँदा हुन्छ प्रकाश त्यै अति ॥"

– प्रस्तुत कविता-पङ्क्तिका रचयिता को हुन् ? यी कविता-पङ्क्ति कुन् छन्दमा छन् ? लक्षण सहित छन्दको नाम लेख्नुहोस् ।

(घ) सगुण भक्ति र निर्गुण भक्ति भन्नाले के बुझिन्छ ? ज्ञानदिल दासको "उदय लहरी" कस्तो भक्ति काव्य हो ?

(ङ) गुण र रीतिका दृष्टिले "प्रमिथस" कस्तो महाकाव्य ठहर्छ ? कसरी ?

(च) "तरूण तपसी" का माध्यमबाट कविशिरोमणि लेखनाथ पौडेलले नेपाली समाजलाई के सन्देश दिएका छन् ?

(छ) कस्ती नायिकालाई प्रोषितभर्तृका नायिक भनिन्छ ? प्रोषितभर्तृका र खण्डिता नायिका मा के अन्तर छ ?

(ज) 'अध्यात्म' भन्नाले के बुझिन्छ ? कस्तो भक्तिलाई आध्यात्मिक भक्ति भनिन्छ ?

(झ) रस परिपाकका दृष्टिले भानुभक्तीय रामायण कुन रसप्रधान काव्य ठहर्छ? कसरी ?

(ञ) कवि लेखनाथ पौड्याललाई 'कविशिरोमणि लेखनाक पौड्याल' मनेर किन भनिएको हो? उनलाई 'कविशिरोमणि' उपाधि कहिले दिइएको हो ?

—

२००७

# नेपाली

## तेस्रोपत्र

## (कविता)

## द्वितीयार्द्ध

## (समदेखि ओकिउयामा ग्वाइनसम्म)

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। स्वच्छन्दतावादी कविताका मूलभूत मान्यताहरूका आधारमा कवि अगमसिंह गिरी र हरिभक्त कटुवालका कविता-प्रवृत्तिहरूका तुलनात्मक अध्ययन प्रस्तुत गर्नुहोस् । २०

अथवा,

आयामिक मान्यताका आधारमा कवि ईश्वरवल्लभका कविताहरूको विश्लेषण र मूल्याङ्कन गर्नुहोस् ।

२। कुनै दुई विषयबारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) कवितामा व्यञ्जनाको महत्व ।

(ख) मैनबत्तीको शिखा कविता मा बिम्ब संयोजन ।

(ग) मोहन कोइरालाका कवितामा अर्थाभिव्यञ्जना ।

(घ) 'त्यो एकलो वृक्षलाई-' को केन्द्रीय भाव ।

३। निम्नलिखित कुनै पाँचवटा प्रश्नको उत्तर लेख्नुहोस् । प्रत्येक उत्तर पाँचदेखि सात वाक्यभित्र हुनुपर्छ । ५×२=१०

(क) मोहनकोइरालालाई युग-सचेत कवि भन्न सकिन्छ ? कसरी ?

(ख) 'लास र बोकाको मासु' को सङ्केतार्थ के हो ?

(ग) "जलेको प्रतिबिम्ब रोएको प्रतिध्वनि" कवितासङ्ग्रहमा 'जलन' र 'रोदन' कसरी प्रतिध्वनित पाइन्छ ?

(घ) 'अटोग्राफ' कविताको पृष्ठभूमि प्रणय हो कि क्रान्ति ? कसरी?

(ङ) भूपि शेरचनलाई प्रगतिशील कवि भन्न सकिन्छ ? किन ?

(च) 'आगो र पानी' को खण्डकाव्यात्मक प्रवन्धविधान कसरी गरिएको छ ?

(छ) 'अर्काको ऐना' कविताको लक्ष्यार्थ के हो ?

(ज) के ग्वाइनलाई रहस्यवादी कवि भन्न सकिन्छ ? कसरी ?

(झ) मूर्त्त भाव र अमूर्त्त भावमा के अन्तर छ? आधुनिक कवितामा कुन भाव वढ़ी अभिव्यञ्जित हुनसकेको छ ?

(ञ) 'दन्त्य कथा' को साक्षणिक अर्थ के हो ?

---

२००७

# नेपाली

## चौथो पत्र

## (नेपाली गद्याख्यान)

## प्रथमार्द्ध

## (नेपाली कथा)

समय : दुई घण्टा | पूर्णाङ्क : ५०

१। विश्वेश्वरप्रसाद कोइरालाकी 'श्वेत भैरवी' कथामा प्रयुक्त प्रतीकात्मक सन्दर्भहरूको चर्चा गर्दै फगुनीका चरित्र को मनोवैज्ञानिक आधारको विवेचना गर्नुहोस् । २०

अथवा

गोविन्दवहादुर मल्लका कथा-प्रवृत्ति चिनाउँदै उनको 'खेल' कथाको परिवेश, पात्र-विधान र द्वन्द्ववारे विश्लेपणात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् । १०×२=२०

(क) 'तिउरीकी फूल पाइरियाको गन्ध' कथाको विचार पक्ष ।

(ख) शिवकुमार राईका कथामा आख्यान र इतिहास ।

(ग) 'जार : भएकै एउटा कथा'–मा लोकजीवन र सांस्कृतिक पक्ष ।

(घ) रूपनारायण सिंहका कथामा युग-चेतना ।



P.T.O

३। कुनै पाँच प्रश्नको उत्तर लेख्नुहोस् । प्रत्येक प्रश्नको उत्तर पाँच देखि सात वाक्यभित्र हुनु आवश्यक छ । ५×२=१०

(क) कथामा समय-तत्त्वको कस्तो भूमिका हुन्छ ?

(ख) 'हास्यकदम्ब' कस्तो किसिमको कृति हो ?

(ग) आख्यानमा दृश्यात्मक गति भन्नाले के बुझिन्छ ?

(घ) 'रोगग्रस्त' कथाको पात्र कस्तो पात्र हो? कसरी ?

(ङ) 'अलन्तरमा' कथाको शैली-वैशिष्ट्य चिनाउने प्रमुख बुँदा के-के हुन् ?

(च) रूपनारायण सिंहलाई 'शैली शिरोमणि' कसले अनि किन भने ?

(छ) "केही भएको छैन, बस, मन्त्रीजीसित भेटेर आएँ, राणाज्यूहरूको राज गयो ।"

प्रस्तुत भनाइमा 'राणाज्यूहरूको राज गयो'

पदावलीले सङ्केत गरेको कुरा के हो ?

(ज) 'कालाग्नि' कथाको मूल आशय के हो ?

(झ) कथाको 'भावपरिमण्डल' भन्नाले के वूझिन्छ ?

(ञ) 'हत्याकारिणी (?)' कथाको शीर्षकमा प्रश्न-चिह्न प्रयोगको तात्पर्य के हो ?

---

२००७

# नेपाली

## चौथो पत्र

## (नेपाली गद्याख्यान)

## द्वितीयार्द्ध

## (नेपाली उपन्यास)

समय : दुई घण्टा पूर्णाङ्क : ५०

१। 'लङ्गडाको साथी' उपन्यासमा प्रकृति र चित्तवृत्तिका अङ्कनको सामञ्जस्य दर्शाउनुहोस् र उक्त उपन्यासमा पाइने मानवीय मूल्यबोधको निरूपण गर्नुहोस् । २०

अथवा

"उपन्यासले अर्थहीन अर्थको जीवन बाँच्ने बाध्यताको अस्वीकृति बोलिरहेछ"–यस कथनका आधारमा 'आज रमिता छ' उपन्यासको समीक्षा गर्नुहोस् र यस उपन्यासका पात्र-विधानमा देखिएको नवीनताबारे टिप्पणी लेख्नुहोस् ।

२। कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् । १०×२=२०

(क) उपन्यास र मावनजीवन ।

(ख) 'शिरीषको फूल' उपन्यासमा अस्तित्ववादी दर्शन ।

(ग) 'अनुराधा' उपन्यासमा पाइने युगीन सन्दर्भ ।

(घ) 'अलिखित' उपन्यासमा व्यङ्ग्य ।

३।   कुनै पाँचवटा विषयमा परिचयात्मक टिप्पणी लेख्नुहोस् । प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ।   ५×२=१०

(क) आञ्चलिक पात्र ।

(ख) 'वीरसिक्का' ।

(ग) मनुवादह ।

(घ) हट्टाबाहंर ।

(ङ) कथानकको विशृङ्खलता ।

(च) विचार-तत्त्व ।

(छ) जीवनीपरक उपन्यास ।

(ज) वहिर्मुखी चरित्र ।

(झ) उपन्यासमा भाषिक वहुस्तरीयता ।

(ञ) औपन्यासिक यथार्थ ।

---